

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
prateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

prateekdaily.com



कोभिड–१९ रोग जो कसैलाई पनि हुन सक्दछ, सङ्क्रमणको आशङ्कामा सामाजिक विभेद नगरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७८ असार ०७ गते सोमवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 June 21 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क २९३


# जनजीवन सहज हुने गरी पर्सामा निषेधाज्ञा जारी

प्रस, वीरगंज, ६ असार/

पर्सा जिल्लामा निषेधाज्ञा असार १३ गते राति १२ बजेसम्मको लागि बढाइएको छ।



जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साको आइतवार बसेको बैठकमा छलफल गर्दै सहभागीहरू । तस्वीरः प्रतीक

जिल्ला कोभिड सङ्कट व्यवस्थापन केन्द्र पर्साको आइतवार बसेको बैठकले असार १३ गतेसम्म पुनः एक साता निषेधाज्ञालाई निरन्तरता दिने सिफारिश गरेबमोजिम जिल्ला प्रशासन कार्यालय पर्साका प्रमुख जिल्ला अधिकार पीताम्बर घिमिरेले वैशाख १६ गतेदेखि जारी निषेधाज्ञालाई आठौंपटक थप गर्दै असार १३ गतेसम्म पुऱ्याएका हुन् । निषेधाज्ञा एक साताको लागि थप गरिए पनि यो अवधिमा जनजीवन सहज पारिएको छ ।

खाद्य, औषधी र स्वास्थ्यसम्बन्धी पसलहरू नियमित सञ्चालन गर्न पाउने भएपनि अन्य पसलहरू बिहान १० देखि साँझ ५ बजेसम्म सञ्चालन गर्न पाउने निर्णय गरेको छ । यसअघि दिउँसो १२ बजेसम्म मात्र पसलहरू सञ्चालन गर्न दिने निर्णय भएको थियो ।

स्थानीय तह अनुसार आलोपालो मिलाएर मानिसको भीडभाड नहुनेगरी सरकारी, सार्वजनिक, निजी कार्यालय, निकायहरूले सेवाप्रवाह, कार्यालय सञ्चालन गर्ने गराउने र सोको उपयुक्त व्यवस्था सम्बन्धित कार्यालयका प्रमुखले मिलाउनुपर्ने व्यवस्था गरिएको छ ।

औषधोपचार, अत्यावश्यक कामका लागि बाहेक घरबाट बाहिर निस्कन र हिंड्डुल गर्न पूर्ववत् निर्णय अनुसार रोक लगाइएको छ । सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, पार्टी प्यालेस, स्वीमिङ पुल, सपिङ मल, हाटबजार, मनोरञ्जन स्थल, सैलुन, ब्युटीपार्लर, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय सञ्चालनमा रोक कायमै छ ।

मालवाहक सवारीसाधन, सुरक्षा र स्वास्थ्य सेवा एवं सो सम्बद्ध कर्मचारीहरूले प्रयोग गर्ने सवारीसाधन, एम्बुलेन्स, दमकल, शववाहन, फोहोरमैला व्यवस्थापन, खाद्यान्न, फलपूल, पेट्रोलियम पदार्थ, पानी, कृषि उपज, तरकारी, दूधजन्य पदार्थ, पशुपक्षीको दानालगायत ढुवानीका सवारीसाधनहरू, आइसोलेशन एवं होल्डिङ सेन्टरको व्यवस्थापनमा प्रयोग हुने सवारीसाधन, अत्यावश्यक सेवा र कार्यमा प्रयोग हुनेगरी सवारीसाधनबाहेक अन्य सबै प्रकारका दुई पाङ्ग्रे (मोटरसाइकल, साइकल)बाहेक सार्वजनिक यातायातका सवारीसाधन सञ्चालनमा रोक यथावत् छ ।

विकास निर्माणका कार्यहरू स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी सञ्चालन गर्न पाइने, निर्माण सामग्रीको ढुवानी बेलुका ८ देखि बिहान ८ बजेसम्म गर्न पाइने, खाद्यवस्तु, औषधि र स्वास्थ्य सेवासँग सम्बन्धित पसल र व्यवसायबाहेक अन्य सबै पसल, व्यवसाय हाललाई सञ्चालन गर्न नदिने जनाइएको छ ।

होटल एवं रेन्टुराँहरूलाई बिहान १० देखि साँझ ५ बजेसम्म खुला गर्न दिएको छ । यो अवधिमा होटल एवं रेस्टुराँ सञ्चालकले ग्राहकलाई सामान दिएर पठाउन सक्ने र होम डिलिभरी गर्न पाउने मात्र व्यवस्था गरिएको छ । बसाएर खानपिन गर्न निषेध गरिएको छ ।

उद्योग, कलकारखानाहरूले कर्मचारी एवं श्रमिकहरूलाई उद्योग परिसरभित्रै आवासीय प्रबन्ध गरी एवं स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

वीरगंज मुख्य नाकाबाहेकका भारतबाट जिल्ला प्रवेश गर्ने अन्य नाकाबाट सीमा वारपार आवागमनमा रोक लगाइएको छ ।

# आइतवार ९ जना सङ्क्रमित पुष्टि

प्रस, वीरगंज, ६ असार/

नारायणी अस्पताल वीरगंजको



प्रयोगशालाले आइतवार ९ जना सङ्क्रमित पुष्टि गरेको छ ।

अस्पतालका कोभिड संयोजक डा उदयनारायण सिंहले ८७ जनाको स्वाब परीक्षण गरिएकोमा पर्साका चार, बारा र सर्लाहीका दुई/दुई र रौतहटका एकजना गरी नौजना सङ्क्रमित पुष्टि भएको बताए । उनले सङ्क्रमित दुई वर्षदेखि ७५ वर्ष उमेरका पाँचजना पुरुष र चारजना महिला रहेको तथा उनीहरूको सिटी भ्यालू १३ देखि ३३ रहेको जानकारी गराए ।

# शिक्षा शाखा प्रमुख कार्यकक्षमैं थुनिए

प्रस, वीरगंज, ६ असार/

वीरगंज महानगरपालिकाको शिक्षा शाखा प्रमुख अरविन्दलाल कर्णलाई आइतवार विद्यार्थीहरूले एक घण्टा उनैको कार्यकक्षमा थुनेका छन् । कोरोना सङ्क्रमणकालमा आवश्यक तयारीविना नगर क्षेत्रका विद्यालय सञ्चालन गराउन खोजेको भन्दै विद्यार्थीहरूले शिक्षा महाशाखा प्रमुख कर्णलाई बिहान ११:३० देखि १२:३० बजेसम्म १ घण्टा कार्यकक्षमैं थुनेका थिए ।

केही दिनअघि संयुक्त विद्यार्थी सङ्घर्ष समितिले भौतिकरूपमा विद्यालय सञ्चालन गर्ने मोडल र मापदण्डका बारेमा प्रस्ट पार्नुपर्ने, विद्यार्थीका विषयमा कुनै पनि निर्णय गर्दा आफूहरूलाई पनि संलग्न गराइनुपर्नेलगायतका माग राख्दै शिक्षा महाशाखा प्रमुखको ध्यानाकर्षण गराएका थिए । ध्यानाकर्षणका बावजूद पनि महाशाखा प्रमुख कर्णले विद्यार्थीको हितविपरीत काम गर्न लागेपछि बाध्य भएर उनलाई कार्यकक्षमैं थुन्नुपरेको संयुक्त विद्यार्थी सङ्घर्ष समितिका प्रवक्ता हेमन्त तामाङले बताए ।

सङ्घर्ष समितिका संयोजक विकास तिवारी नेतृत्वको विद्यार्थी टोलीले कर्णलाई कार्यकक्षमा थुनेको हो । विद्यार्थीहरूले महाशाखा प्रमुखको कार्यकक्षमा ताला लगाउँदै 'शैक्षिक माफिया मुर्दाबाद', 'विद्यार्थीको स्वास्थ्यसँग खेलबाड गर्न पाइँदैन', 'नालायक शिक्षा महाशाखा प्रमुख मुर्दाबाद'लगायतका नारा लगाएका थिए । तालाबन्दीपश्चात् विद्यार्थी नेता कविराज पटेल, एजाज बाबू, धर्मराज यादवलगायतले विद्यार्थीको स्वास्थ्यलाई ध्यानमा राख्दै अघि बढ्न स्थानीय सरकारलाई आग्रह गरेका थिए ।

# घूस पनि लिने र आफूलाई पनि फसाउने प्रहरीको धम्की –पीडित

प्रस, वीरगंज, ६ असार/

झैंझगडा भएको खण्डमा छोरालाई नसमात्ने भन्दै जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब निरीक्षक उपेन्द्र साहले रु १० हजार घूसबापत लिएको पीडितले आरोप लगाएकी छन् ।

कलैया उपमहानगरपालिका–५ मदर्सा टोल निवासी जीवन गिरीले वैशाखको अन्त्यमा समाजमा झैंझगडा गरेका थिए । सोही सम्बन्धमा जीवन गिरीकी आमा मुरतदेवी गिरीसँग प्रनानि उपेन्द्र साह र घुमुवा प्रहरी रमेश यादवले छोरालाई नसमात्ने भन्दै २० हजार रकमको माग गरेको गिरीको आरोप छ ।

मासुपसल सञ्चालन गरेर गुजारा चलाइरहेकी मुरतदेवी गिरीले २० हजार दिन नसकेपछि १० हजार रकम प्रनानि उपेन्द्र साहलाई दिए पनि छोरा जीवनलाई रकम दिएको १५ दिनपछि प्रहरीले पक्राउ गरेपछि रकम लिएको कुरा सार्वजनिक भएको हो । प्रहरीले रकम पनि लियो, छोरालाई पनि पक्राउ गऱ्यो र अन्त्यमा टोलमा कतिजनामाथि मुद्दा छ, त्यो भन होइन भने तिमीलाई समेत फसाइदिन्छु भनी प्रनानि साहले धाकधम्की देखाएको गिरीको भनाइ छ ।

यस सम्बन्धमा प्रनानि साहले घटनाबारे कुनै जानकारी नआएको र कसैसँग पनि मुद्दा मिलानको लागि रकम नलिएको दाबी गरेका छन् ।

जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक गौतम मिश्रसँग बुझ्दा प्रनानि साहले रकम लिएको भनी आरोप लागेको र अनुसन्धान शुरू भएको बताए । उनले घटना सम्बन्धमा अनुसन्धानपछि

(बाँकी तेस्रो पातामा)

## छोटकरी

### करेन्ट लागेर मृत्यु

प्रस, सप्तरी, ६ असार/रासस

रूपनी गाउँपालिका वडा नं ३ को कटैयामा करेन्ट लागेर एकजना चापाकल मिस्त्रीको आइतवार मृत्यु भएको छ । चापाकल जडान गर्न लाग्दा सोही वडा निवारी सञ्जीव लौगी घाइते भएका थिए । घाइते लौगीलाई अस्पताल लाने क्रममा बाटोमैं मृत्यु भएको स्थानीय मिठु माझीले बताए । मृतक लौगीका दाजु सुरेन्द्र लौगी पनि करेन्ट लागेर घाइते भएका छन् । घाइतेको उपचार राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भइरहेको छ ।

स्थानीय बचाइ माझीको घरमा लौगी दाजुभाइ चापाकल जडान गरिरहेका थिए । चापाकल जडान गर्ने क्रममा विद्युत् पोलको खुला तारमा फलामको पाइप छुँदा करेन्ट लागेको माझीले बताए । सो क्रममा लौगी दाजुभाइलाई करेन्टबाट छोडाउन गएका बचाइका छोरा शिवकुमार माझी पनि सामान्य घाइते भए । लौगीको शव शल्यपरीक्षणाका लागि राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा ल्याइएको छ ।

# टङ्की पड्किएर दुईजना मजदूरको मृत्यु

प्रस, वीरगंज, ६ असार/

बाराको जीतपुरसिमरा उपमहानगरपालिकास्थित जगदम्बा स्टील उद्योगको फर्निस आयल राखेको टङ्की पड्किएर आगलागी हुँदा दुईजना भारतीय मजदूरको मृत्यु भएको छ ।

भारतको बिहार घर भएका ४० वर्षीय प्रदीप गोढ र ४५ वर्षीय रामनाथ महतोको मृत्यु भएको उद्योग सञ्चालक पवन गुप्ताले बताए । हिजो राति करीब ८ बजे सो दुर्घटना भएको र उद्योगमा कार्यरत राजकुमार विक, इन्द्रप्रसाद अधिकारी र नवराज चौलागाईं गरी तीनजना मजदूर पनि घाइते भएका छन् । घाइतेको तराई सिमरा अस्पतालमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए । उनीहरूको अवस्था सामान्य रहेको अस्पताल स्रोतले जनाएको छ । फर्सिङ आयल रहेको टङ्की पड्किएपछि उद्योगमा आगलागी पनि भएको थियो ।



घाइते मजदुर । तस्वीरः प्रतीक

जीतपुरसिमरा उपमहानगरपालिका र नेपाल आयल निगम अमलेखगंजको वारुणयन्त्रको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको थियो ।

समयमैं आगलागी नियन्त्रणमा आएकोले छेउमैं रहेको अर्को फर्निस आयलको टङ्कीमा क्षति नपुगेको सञ्चालक गुप्ताले बताए ।

उद्योगमा फलाम तताउने भट्टीछेउमा रहेको फर्निस आयलको टङ्की पड्किएर आगलागी भएको उनले बताए । वेल्डिङ गर्ने क्रममा टङ्कीको ढक्कन खुला नगरिएको कारण ग्याँसको चापले पड्किएको प्रारम्भिक अनुसन्धानबाट देखिएको सञ्चालक गुप्ताले बताए ।

# कर छुटको माग गर्दै स्थानीय सरकारलाई ज्ञापन

प्रस, परवानीपुर, ६ असार/

वीरगंजका होटल व्यवसायीले कर छुटको माग गर्दै स्थानीय सरकारलाई ज्ञापनपत्र बुझाएका छन् । होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगंजले कोरोना महामारीको कारण प्रभावित भएका होटल व्यवसायीलाई निषेधाज्ञा अवधिभरको विभिन्न कर छुट गर्न वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीलाई ज्ञापनपत्र बुझाएको हो ।

आइतवार दिउँसो २ बजे सङ्घका अध्यक्ष हरि पन्तले बुझाएको ज्ञापनपत्रमा सम्पूर्ण आवासीय होटल तथा पार्टी प्यालेसले अर्जेको घरको घरबहाल कर र होटल व्यवसायको वार्षिक व्यावसायिक कर तथा सरसफाइ शुल्क एक आर्थिक वर्षको लागि छुट दिनुपर्ने माग गरिएको छ ।

त्यस्तै, ज्ञापनपत्रमा वीरगंज क्षेत्रका होटल तथा पर्यटन व्यवसायका सञ्चालकसमेत कार्यरत कर्मचारीहरूलाई कोरोना सङ्क्रमणविरुद्धको खोप यथाशक्य चाँडो उपलब्ध गराउन पनि माग गरिएको छ ।

ज्ञापनपत्र बुझेपछि व्यवसायीहरूको मागलाई यथासक्य सम्बोधन गर्ने आफ्नो प्रयास रहने नगरप्रमुख सरावगीले आश्वासन दिए ।

उनले व्यवसाय कर छुट दिन खासै समस्या नभए पनि सरसफाइ कर र घरबहाल करमा भने कानूनी जटिलता



ज्ञापनपत्र बुझ्दै महानगरका प्रमुख विजयकुमार सरावगी । तस्वीरः सौजन्य

रहेकाले यस विषयमा कार्यपालिकामा प्रस्ताव पेश गर्ने तथा नगरसभाबाट समस्या समाधानको खोजी गरिने बताए ।

महानगरपालिकाका व्यवसायीहरूलाई विस्थापित गर्ने मनसाय महानगरको नरहेको बताउँदै उनले व्यवसाय संरक्षणका लागि स्थानीय तहको सरकारको हैसियतले गर्न सक्ने सहयोग गर्ने उनले बताए । नगरप्रमुख सरावगीले होटल तथा पर्यटन व्यवसायीहरूले राखेका कर छुटको मागमा आफू सकारात्मक रहेको चर्चा गरे ।

ज्ञापनपत्र बुझाउन गएको टोलीमा अध्यक्ष पन्तसहित महासचिव माधव बस्नेत, सदस्यहरू शेखर चौधरी, हीरा श्रेष्ठ, सुरेश साहलगायतको सहभागिता थियो ।

## विचारसार र सूक्तिहरू

**विवशताले धानिएको सम्बन्ध आडम्बर हो । सम्बन्धको निर्वहन भावनाले हुनुपर्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


## पर्नु र सिक्नुको भेद

**मानिस सुनेरभन्दा परेर जान्ने हुन्छ । कुनै समस्या वा आपत्विपत्बारे मानिसले जतिसुकै सुनेको होस्, समस्या तत्क्षण आइपर्दा समाधानको बाटो मुश्किलले फेला पर्छ । तर त्यही समस्या पहिले भोगिसकेको छ भने समाधानका लागि उसले आत्तिनुपर्दैन । तर परेर–भोगेर पनि समाधानका लागि उपाय नसुझ्नु बुद्धिहीनता हो । एउटा पशु कसैको खेतमा बाली चर्न जान्छ, उसलाई जग्गाधनीले लौरोले चुट्छ तर भोलि पुनः ऊ चर्न जान्छ । उसलाई घरीघरी लौरोले हिर्काउनुपर्छ अन्यथा उसको प्रवृत्ति यथावत् रहन्छ । मानिसले पनि त्यही प्रवृत्तिको पोषण गर्ने हो भने मानिस हुनुको के अर्थ ? मानिस र पशुबीच के भेद रह्यो ? कोरोनाले मानिसलाई धेरै पाठ पढाएको छ, तर हामी त्यसबाट शिक्षा लिनुको साटो, दोस्रो लहरको कोरोना भोगिसकेर र तेस्रो आउने आशङ्का व्यक्त भइरहँदा पनि लकडाउन खोलिने समयको प्रतीक्षा तीव्रताले गरिरहेका छौं । हुनु त के पर्थ्यो भने एकपटक भोगिसकेपछि, अर्को चरण आउँदा मानिस स्वयं चेत भएर लकडाउनको परिस्थिति नै आउन दिनुहुँदैनथ्यो । मानिसमा स्वयंचेत विकसित भइसकेको हुनुपर्दथ्यो ।**

**त्यस्तो भएन । सरकारले निषेधाज्ञा नै लगाउनुपर्‍यो, जसले झन्डै दुई महीनादेखि सम्पूर्ण मानवीय क्रियाकलाप ठप्प भएर भोलिका लागि धेरै अनिष्टको सामना गर्नुपर्ने अवस्था उत्पन्न भयो । कोरोनाले हामीलाई स्वनियन्त्रणको पाठ पढायो । यसले मानवीय सम्बन्ध, आचार–व्यवहार तथा खानपान र प्रकृतिविरोधी गतिविधिप्रति सचेत हुने सन्देश दियो । तर हामीले के सिक्यौं ? कोरोनाबाट जोगिनुमात्र होइन, कोरोनाजन्य अनुकूलता र प्रतिकूलतालाई यो एक वर्ष बढीको समयमा प्रत्यक्ष भोग्यौं । कोरोना महामारीको प्रतिकूलता त सोझै ज्यानको जोखिममा परिणत भयो । त्यसको प्रभाव आज समस्त मानवीय गतिविधिमा परिरहेको छ । यसको अनुकूलता थियो र छ, तर त्यसबाट हामीले ग्रहण गर्नुपर्ने कुरा बिर्स्यौं । कोरोना प्रचण्ड हुँदा हामी लुक्यौं, मत्थर हुनेबित्तिकै (समाप्त भइसकेको होइन) सबै कुरा बिर्स्यौं । कोरोनाको सबैभन्दा अहम् अनुकूलता पर्यावरणमा पर्‍यो । कोरोनाले हाम्रो जीवनशैलीलाई परिवर्तन गर्ने सङ्केत दियो । यावत् परिस्थितिकीय ढाँचा परिवर्तन गर्ने सङ्केत दियो, सानो कालावधिमा हामीले पालना पनि गर्‍यौं, तर त्यसलाई दीर्घकालीन सन्देशको रूपमा लिन सकेनौं । पोषणलाई औषधि ठान्यौं । अर्थात् कोरोनाले ल्याइदिएको सकारात्मकतालाई कोरोनाजन्य बाध्यता मात्र बुझ्यौं ।**

**कोरोनाको तेस्रो लहर पनि आउने स्वास्थ्यविज्ञहरूको आकलन छ । अनि के दोस्रो लहर समाप्त हुनेबित्तिकै पुनः नियन्त्रणहीन गतिविधिमा लाग्ने र तेस्रो लहरले सुटुक्क प्रवेश गरेपछि सचेत हुने ? त्यतिन्जेल त तेस्रो लहरले अँठ्याइसक्नेछ । कोरोना सुटुक्क पस्नेछ, हामी भने विशाल हृदयका साथ अनियन्त्रित सामाजिक सम्पर्क बनाएर त्यसको शिकार बन्नेछौं । आज खुकुलो निषेधाज्ञामा नै हामीले त्यो प्रवृत्ति देखाउन थालेका छौं । भोलि खुला भएपछिको अवस्था के होला ? अब सक्नेजति कारोबार प्रत्यक्षको साटो डिजिटलाइज किन नगर्ने ? अब अति सक्षम वित्तीय संस्थाहरूले केही खर्चको लोभ नगरेर समाजलाई मुद्राविहीन किन नबनाउने ? सबै काम अनलाइन गर्न किन नसिक्ने ? प्राचीनकालमा घर बसेर पढ्न सकिन्न भन्ने मान्यता आज निरस्त्र भएजस्तै भोलिको शिक्षा अनलाइनबाट सम्भव हुने प्रयत्न किन नथाल्ने ?**

# बालश्रम : एक गम्भीर समस्या


शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**बालश्रम अन्त्य गर्ने काम मात्र सरकारको नभई हामी सबैको पनि हो किनभने आजका केटाकेटीहरू नै देशका भविष्य हुन् । यदि उनीहरूको बाल्यकाल अँध्यारो र बालश्रममा व्यतीत हुन्छ भने कसरी सुखी र समृद्ध नेपालको कल्पना गर्न सकिन्छ ?**

बालश्रम हाम्रो देश र नेपाली समाजको लागि धेरै गम्भीर समस्या बनेको छ । यस विषयमा बहस उठान गर्नुको साथै हामी सबैले आआफ्नो नैतिक जिम्मेवारी पनि बुझ्नुपर्ने हुन्छ । बालश्रम उन्मूलन आज चुनौतीको विषय बनेको छ, किनभने केटाकेटीका आमाबुवाले नै उनीहरूसँग काम गराउन थालेका छन् । देशको कमजोर आर्थिक स्थिति र आमाबुवाहरूको लागि रोजगारको अभावले गर्दा आज कुनै केटा वा केटीले कठिन श्रम गरेको देखिनु आम कुरो भएको छ । बालश्रमलाई आज धनी मानिस र माफियाहरूले व्यापार बनाइसकेका छन् । यस कारणले पनि होला, हाम्रो देशमा दिनानुदिन बालश्रम बढिरहेको छ र केटाकेटीहरूको बाल्यकाल बिग्रिरहेको छ । यसबाट केटाकेटीहरूको भविष्य बिग्रनुको साथै देशमा गरीबी पनि बढ्छ र देश विकासमा यसले बाधकको काम पनि गर्छ । बालश्रम नेपालमा मात्र हैन अन्य देशमा पनि गैरकानूनी मानिन्छ । बालश्रम हाम्रो समाजको लागि त कलङ्क नै साबित भएको छ । समयसँगै यो समस्याले उग्ररूप धारण गर्दै गइरहेको छ । यस समस्यालाई छिटै समाधान गरिएन भने हाम्रो देशको भविष्य अन्धकारमय हुन सक्छ ।

केटा वा केटीको बाल्यकाल खोसेर, उसलाई काम गर्न लगाइन्छ त्यसलाई बालश्रम भनिन्छ । अर्को अर्थमा कुनै पनि केटाकेटीलाई उसको बाल्यकालको बेला पैसा वा अन्य कुनै कुराको लोभ देखाई गराउने कुनै पनि प्रकारको कामको बालश्रम हो । यस प्रकारको मजदूरी धेरैजसो पैसा वा अन्य आधारभूत आवश्यकताका लागि गर्न लगाइन्छ । साधारण शब्दमा भन्ने हो भने १४ वर्ष भन्दा कम उमेरका केटाकेटीहरूसँग उसको बाल्यकाल, खेलकूद, शिक्षाको अधिकार खोसेर उनीहरूलाई काममा प्रयोग गरी शारीरिक, मानसिक र सामाजिकरूपले प्रताडित गरेर थोरै पैसामा काम गराएर शोषण गर्नु र सुनौलो बाल्यकाललाई श्रमिकको रूपमा परिवर्तित गरिदिनु नै बालश्रम हो । बाल श्रमिकको दैनिकी पूर्णरूपले उनीहरूको मालिकमाथि निर्भर हुन्छ । गर्मी होस् वा जाडो उनीहरूले बिहानै उठेर काममा जानुपर्छ । खाना वा खाजा आफैं बोकेर जानुपर्छ वा मालिकमाथि निर्भर हुनुपर्छ । यिनीहरूको कामको अवधि तय हुँदैन । यिनीहरूले बाह्रदेखि चौध घण्टासम्म काम गर्नुपर्छ । बिरामी वा अन्य कारणले अनुपस्थित हुँदा मालिकको कठोर व्यवहार र यातना झेल्नुपर्छ । घर वा कलकारखानामा काम गर्ने यस्ता श्रमिकहरूको अनेक प्रकारले शोषण हुने गर्छ । बालश्रम पूर्णरूपेण गैरकानूनी हो र समाजमा यसको आलोचना पनि गरिन्छ ।

नेपालको संविधान २०७२ को भाग ३ अन्तर्गत धारा ३९ मा ‘बालबालिकाको हक’ सम्बन्धी प्रावधान उल्लेख गरिएको छ । यसको उपधारा ४ मा के लेखिएको छ भने–“कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन” भने उपधारा ६ मा “कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनको नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन” । एक तथ्याङ्क अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेर समूहका करीब ३७.४ प्रतिशत केटाकेटीहरू बालश्रममा संलग्न छन् । सबैभन्दा बढी कर्णाली प्रदेशमा बालश्रम २४.६ प्रतिशत, सुदूर पश्चिममा २०.९ प्रतिशत, प्रदेश १ मा १७.६ प्रतिशत, गण्डकीमा १६.१ प्रतिशत, लुम्बिनीमा १५.८ प्रतिशत, प्रदेश २ मा ११.५ प्रतिशत र वाग्मती प्रदेशमा ८.९ प्रतिशत रहेको छ ।

बालश्रमको सबैभन्दा ठूलो कारण गरीबी हो । गरीबी रेखामुनि रहेको परिवार जीविका चलाउन असमर्थ हुन्छ । यस कारण उनीहरू आफ्ना सन्तानलाई काम गर्न पठाउँछन् । अर्कोतिर शिक्षाको अभावले गर्दा उनीहरूको बुझाइ के हुन्छ भने जति छिटो उनीहरू कमाउन सिक्छन्, त्यतिकै परिवारका लागि राम्रो हुन्छ । केही अभिभावक लालच र स्वयं काम गर्न नरुचाउने हुँदा पनि केटाकेटीहरूलाई केही रुपियाँका लागि काम गर्न लगाउँछन् । थोरै तलब दिनुपर्ने भएकोले बालश्रम फस्टाइरहेको छ । कैयनपटक पारिवारिक बाध्यता, जस्तै कुनै दुर्घटनाले गर्दा परिवारमा कमाउने कोही नहुँदा ससाना केटाकेटीहरू होटल, चियापसल वा कलकारखानामा काम गर्न बाध्य हुन्छन् । जनसङ्ख्या वृद्धि र आधारभूत उपभोग्य सामग्रीको मूल्यमा दिन प्रतिदिन भइरहेको वृद्धिले गरीब मानिसलाई परिवारको पालनपोषण गर्न गाह्रो हुँदा सबै सदस्यलाई मजदूरी गर्नुपर्छ जसमा केटाकेटीहरू पनि सामेल हुन्छन् । त्यहीं अर्कोतिर बालश्रमको एउटा कारण भ्रष्टाचार पनि हो, किनभने होटल वा कलकारखानाका मालिकहरूलाई के थाहा हुन्छ भने समातिएपछि घूस दिएर सजिलै फुत्किन सकिन्छ । बालश्रम रोक्नका लागि सरकारले कानून त बनाएको छ, तर त्यसमा धेरै त्रुटि छ, जसको फाइदा उठाएर मानिसहरू बालश्रम गराउन डराउँदैनन् ।

जीवनको सबैभन्दा सुनौलो दिन बाल्यकालै हो, जहाँ केटाकेटीहरूलाई कुनै प्रकारको चिन्ता वा भय हुँदैन । सबैले उसलाई माया गर्छन् तर जुन केटाकेटीलाई बालश्रममा लगाइन्छ उनीहरू न खेल्न पाउँछन्, न आफूले रुचाएको कुनै काम गर्न पाउँछन् । जसले गर्दा उनीहरूको बाल्यकाल खेर जान्छ । बालश्रम गर्ने केही केटाकेटीहरू कुपोषणको शिकार पनि हुन्छन् किनभने उनीहरूको मालिक उनीहरूसँग काम बढी लिन्छन् र खाना थोरै दिन्छन् । बालश्रम गर्ने समयमा धेरै जसोको शारीरिक शोषण पनि हुन्छ । एक तथ्याङ्क अनुसार बालश्रम गर्ने केटाकेटीहरूमध्ये करीब ४० प्रतिशतको शारीरिक शोषण गरिन्छ, जुन धेरै गम्भीर कुरो हो तर यसमाथि कहिल्यै ध्यान दिइँदैन । मजदूरी गर्दा प्रायः उनीहरूसँग भएगरेका गल्तीको लागि मानसिक दण्ड दिइन्छ, जसको नराम्रो प्रभाव उनीहरूको मस्तिष्कमा पर्छ । ध्यान दिनुपर्ने कुरो के हो भने आमाबुवाले केही पैसाका लागि उनीहरूलाई काम गर्न त लगाउँछन् तर पढ्नेलेख्ने अवसर प्राप्त नहुँदा उनीहरूले, आजीवन मजदूरी र गरीबीमा, जीवन व्यतीत गर्नुपर्ने हुन्छ । श्रम गराउँदा उनीहरूसँग प्रयोग गर्ने भाषा अभद्र हुन्छ जुन उनीहरू पनि सिक्छन् र त्यसको नराम्रो प्रभाव बेलाबखतमा सामाजिक विकासमा पनि देखा पर्छ । उनीहरू अशिक्षित रहँदा देशको भविष्य पनि अन्धकारमय हुन थाल्छ । सँगसँगै बेरोजगारी र गरीबी पनि बढ्न थाल्छ ।

बालश्रम नितान्त अभिशाप हो जसले हाम्रो समाजलाई अन्यायमुक्त बन्न दिंदैन । केटाकेटीहरूलाई काममा लगाएर, त्यसबापत केही पैसा र खाना दिएर उनीहरूमाथि दया गरेको होइन, उसको भविष्यसँग खेलवाड गरिएको हो । बालश्रम उन्मूलनका लागि सबैभन्दा पहिले हामीले आफ्नो सोच परिवर्तन गर्नुपर्छ । यसको लागि कडा कानूनको निर्माण र तत्परतापूर्वक त्यसको कार्यान्वयन गर्नुपर्छ । छरछिमेकमा बालश्रम भइरहेको देखेमा सोको जानकारी प्रहरीलाई दिनुपर्छ । यसप्रति आवाज उठाउनुपर्छ र यसको विरोधमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ । सरकारद्वारा निश्शुल्क शिक्षा र खाना प्रदान गर्ने विद्यालयमा केटाकेटीहरूलाई शिक्षित हुन पठाउनुपर्छ । बालश्रम गराउने परिवारसँग सम्पर्क गरी केटाकेटीको भविष्यबारे सुसूचित गर्नुपर्छ । शिक्षा व्यवस्था सुधार गरेर पिछडिएको समुदायलाई पनि शिक्षासँग जोड्नुपर्छ । हाम्रो समाजमा धेरै राम्रा मानिस पनि छन् तर अझ राम्रा मानिसको आवश्यकता छ, जसले कम्तीमा एउटा गरीब केटाकेटीको पढाइ खर्च उठाउन सकोस् । जबसम्म हामीमा सामाजिक जिम्मेवारी बोध हुँदैन, तबसम्म केही हुन सक्दैन । किनभने हाम्रोजस्तो अल्पविकसित मुलुकमा सरकारले मात्र सबैथोक पूरा गर्न सक्दैन ।

बाल श्रमिकहरूको समस्या धेरै पुरानो हो । यसको पछाडि गरीबी सँगसँगै आमाबुवाको लोभ र पारिवारिक परिस्थिति पनि जिम्मेवार हुन्छ । यस समस्याको समाधानका लागि सामाजिक तहबाट पनि प्रयासको खाँचो छ । सामाजिक तहमा आमाबुवाले केटाकेटीलाई शिक्षित बनाउन जागरूक हुनु आवश्यक छ । यस दिशामा समाजसेवी संस्थाहरूको भूमिका पनि महत्त्वपूर्ण हुन्छ । सामुदायिक मात्र होइन, संस्थागत विद्यालयहरूले पनि यस्ता केटाकेटीहरूलाई पढ्न छात्रवृत्ति प्रदान गर्नुपर्छ । हुन त सरकारले देशबाट बाल श्रम समाप्त गर्न अनेक कानून बनाएको छ । तर कानूनको अनुसरण नै भएन भने देश बालश्रमबाट मुक्त हुन सक्दैन ।

बालश्रमको समस्या छिट्टै समाधान गरिएन भने यो देश विकासमा बाधक साबित हुन्छ । हाँस्ने, खेल्ने र पढ्ने बालसुलभ अधिकार त्यागेर श्रम गर्न बाध्य बनेका वा बनाइएका केटाकेटीले समाज वा देशका लागि योगदान दिन सक्दैनन् । यस कारण आजैदेखि हामी सबैले बालश्रम विरुद्ध आवाज उठाउनु पर्छ र बालश्रम गरिरहेको कुनै केटा वा केटी फेला परेमा सम्बन्धित निकाय वा नजीकको प्रहरी चौकीमा उजूरी दिनुपर्छ । बालश्रम अन्त्य गर्ने काम मात्र सरकारको नभई हामी सबैको पनि हो किनभने आजका केटाकेटीहरू नै देशका भविष्य हुन् । यदि उनीहरूको बाल्यकाल अँध्यारो र बालश्रममा व्यतीत हुन्छ भने कसरी सुखी र समृद्ध नेपालको कल्पना गर्न सकिन्छ ?

# जोखिम नियन्त्रण : चुस्त पूर्वतयारी र सरकारबीच सहकार्य जरुरी

काठमाडौं, ६ असार/रासस

मुलुकमा आइपर्ने हरेक जोखिम नियन्त्रणमा एकल प्रयासभन्दा सामूहिक सहकार्य अति नै प्रभावकारी हुन्छ । राज्य सञ्चालनदेखि मुलुकमा आइपर्ने विपद्जन्य घटना तथा महामारी नियन्त्रणमा सफलता हात पार्न पनि त्यसैगरी सामूहिक प्रयास जरुरी हुन्छ ।

प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्रीहरू पनि त्यसैगरी तीन तहको सरकारबीच आपसी सहकार्य भयो भने कोभिड नियन्त्रण र विपद् जोखिम न्यूनीकरणमा सफलता हासिल गर्न सकिनेमा सहमत छन् । अझ विपद्पछि उद्धार राहतका कार्यक्रम गर्नुभन्दा घटना हुनै नदिनका लागि चुस्त पूर्वतयारी जरुरी रहेको उनीहरूको बुझाइ छ ।

प्रदेश १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मतकुमार कार्कीका अनुसार अहिलेको विपद्जन्य घटनामा सङ्घीय सरकारबाट स्थानीय प्रशासनमा उद्धार तथा व्यवस्थापनका सामग्री आए पनि प्रदेश सरकारलाई थाहा भएन । समन्वयको अभावमा जानकारी नहुँदा सोही प्रकृतिका सामान प्रदेश सरकारले पनि खरीद गर्न पुग्यो । “यसरी सामान पठाएको कुरा केन्द्रबाट जानकारी आएको भए प्रदेशले किन्ने थिएन,” गृहमन्त्री खगराज अधिकारी र प्रदेशको आन्तरिक मामिला तथा कानून मन्त्रीहरूको आजको समन्वयात्मक बैठकमा मन्त्री कार्कीले थपे, “दोहोरोपन नहोस् भन्नका लागि पनि तीनै तहको सरकारबीच समन्वय मात्रै होइन, सहकार्य जरुरी छ ।”

उनको कुरामा आन्तरिक मामिला तथा कानूनमन्त्रीहरू प्रदेश २ का ज्ञानेन्द्रकुमार यादव, वाग्मती प्रदेशका केशवराज पाण्डे, लुम्बिनी प्रदेशका चेतनारायण आचार्य, कर्णाली प्रदेशका सीताकुमारी नेपाली र सुदूरपश्चिमका पूर्णा जोशीले पनि सहमति जनाए । नेपालको संविधान २०७२ मा समन्वय, सहकार्य र सहअस्तित्वको आधारमा राज्य सञ्चालनको कुरा स्पष्ट उल्लेख भएपनि समन्वय अभाव सबै प्रदेशमा उस्तै रहेको उनको साझा भनाइ छ ।

प्रदेश २ का मन्त्री यादव भन्छन्, “तीनै तहको सरकार एकजुट हुने हो भने, धेरै राम्रो काम गर्न सकिन्छ, आज गृहमन्त्रीबाट समन्वय शुरू भएको छ, यसले गति लिन्छ भन्ने आशा छ ।” प्रदेशका गतिविधिबारे जानकारी गराउँदै मन्त्री यादवले आगामी १० वर्षमा विपद्का घटना ५० प्रतिशत कम गराउने र क्षति न्यूनीकरण गर्नेगरी काम जारी रहेको बताए । उनले प्रदेशमार्फत नै सुरक्षाकर्मीलाई ड्रोन, डुङ्गा, व्यवस्थापन गरिएको र आवश्यक स्वास्थ्य उपचारका लागि चिकित्सकको टोलीसमेत तयार पारिएको जानकारी दिए ।

वाग्मती प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री पाण्डे विपद् पछाडिको उद्धारभन्दा विपद् रोक्नमैं जोड दिनुपर्ने आवश्यकता औंल्याउँछन् । “हामीसँग विपद् हुन नदिन के गर्ने भन्ने योजनाको कमी देखिन्छ, जोखिमयुक्त बस्ती सार्ने कुरामा ध्यान पुगेको छैन, बस्ती एकीकृत गर्नुपर्छ यसतर्फ समन्वयात्मक काम जरुरी छ,” उनी भन्छन् । उनी खुला जमीनको पहिचान गरी उपयोग गर्नुपर्ने, एकद्वार प्रणालीबाट राहत व्यवस्थापन, विपद्को समयमा कानून पल्टाउने कामभन्दा विपद्सम्बन्धी कानून नै जरुरी रहेको बताउँछन् । वाग्मती प्रदेशले अहिले आवश्यक पूर्वतयारीका साथै स्काउट टोलीसमेत परिचालन गर्न थालेको तथा एकीकृत बस्ती व्यवस्थापन शुरू गरिएको समेत उनले जानकारी दिए ।

सीमा क्षेत्र जोडिएकाले भारतले बनाएको बाटोका कारण डुबान हुने अवस्था रहेको जानकारी गराउँदै लुम्बिनी प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री आचार्यले त्यसमा समन्वय

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## सिमाना खुल्ला गर्न हतार छैन –व्यापारमन्त्री

क्यानबेरा, ६ असार/सिन्हवा

अस्ट्रेलियाले अन्तर्राष्ट्रिय सिमाना तत्काल खुल्ला नगर्ने सङ्केत गरेको छ।

अस्ट्रेलियाका व्यापारमन्त्री डान टेहानले अन्तर्राष्ट्रिय सिमाना तत्काल खुल्ला गर्न अस्ट्रेलियालाई हतार नभएको स्पष्ट पारेका छन्।

सिमाना खुल्ला गर्नु कति ठीक र कति बेठीक भन्ने विषयमा सरोकारवाला र विज्ञहरूसँग परामर्श तथा छलफलहरू भइरहेको उनले बताए।

सिमाना अहिले नै खुल्ला गर्न हतार गर्न नहुने सुझाव अधिकांश विज्ञ तथा सरोकारवालाले दिएकाले अझै केही समय सिमाना नखुल्ने उनले स्पष्ट पारे।

विशेष सेवा र अवस्थाका लागि भने निर्धारित शर्तहरू पूरा गरेर हवाई यात्रुहरूलाई भने अस्ट्रेलियाले आवतजावत गर्न दिएको छ।

न्यूजील्यान्ड र अस्ट्रेलियाका बीचमा हवाई सेवा गत अप्रिलदेखि खुल्ला


तस्वीरः सिन्हवा

गरिएको छ। तर सबै देश तथा क्षेत्रलाई अस्ट्रेलियासँगको सिमाना खुल्ला गर्न भने अस्वीकार गरिएको छ।

कोरोना भाइरसको महामारी अझै पनि खतरामुक्त अवस्थामा नरहेकाले सिमाना खोल्ने जोखिम लिन नचाहेको व्यापारमन्त्री टेहानले बताए। रासस

## चीनले लगायो एक अर्ब मात्रा खोप

बेइजिङ, ६ असार/सिन्हवा

चीनले शनिवारसम्ममा देशभर कोभिड–१९ विरुद्धको एक अर्बभन्दा बढी




मात्रा खोप लगाएको छ।

राष्ट्रिय स्वास्थ्य आयोगले आधुनिक चीनको इतिहासमा यो सबैभन्दा ठूलो खोप अभियान रहेको जनाएको छ।

आयोगका अनुसार पछिल्लो पाँच दिनमा मात्र १० करोड मात्राभन्दा बढी खोप लगाइएको छ। गत मार्चको अन्त्यदेखि चीनले व्यापक खोप अभियान सञ्चालन गरेको थियो।

पहिलो चरणमा २५ दिनको अवधिमा दश करोडबाट २० करोड मात्रा खोप लगाइएकोमा पछिल्ला १६ दिनमा ३० करोड मात्रा खोप दिइएको थियो। तर खोप अभियान अझ तीव्र बनाएसँगै छ दिनको अवधिमा ८० करोडबाट ९० करोड खोप लगाइएको थियो।

चीनमा गत वर्षदेखि हालसम्म २१ किसिमका खोप क्लिनिकल परीक्षणमा रहेका छन्। त्यसमध्ये चार किसिमका खोपलाई शर्तसहित मार्केटिङको इजाजत दिइएको छ भने तीन किसिमका खोपलाई देशभित्र आपत्कालीन प्रयोगका लागि अनुमति दिइएको छ।

चीनमा सञ्चालित खोप अभियानमा १८ वर्षभन्दा माथिको उमेरका व्यक्तिलाई समेटिएको छ। तर ३ देखि १७ वर्षको उमेरका बालबालिकालाई पनि खोप दिने योजना अघि बढेको स्वास्थ्य अनुसन्धान आयोगले जनाएको छ।

आयोगका उपप्रमुख जेङ इक्सीनले यसै वर्षको अन्त्यसम्ममा कम्तीमा ७० प्रतिशत लक्षित जनसङ्ख्यालाई खोप दिइसक्ने बताए।

उनले खोपका कारण हालसम्म कुनै पनि समस्या नदेखिएको बताउँदै चिनियाँ खोप सुरक्षित रहेको प्रमाणित भइसकेको दाबी गरे। कोभिड–१९ विरुद्धको खोप लगाएका व्यक्तिमा देखिएका सामान्य लक्षणहरू अन्य नियमित खोपमा झैं सामान्य रहेको पनि उनले बताए। रासस

## इरानको राष्ट्रपतिमा इब्राहिम राइसी निर्वाचित

दुबई, ६ असार/एपी

इरानका इस्लामिक कट्टरपन्थी विचारधाराका प्रधानन्यायाधीश इब्राहिम


इरानका नवनिर्वाचित राष्ट्रपति इब्राहिम राइसी। तस्वीरः एपी

राइसी इरानको राष्ट्रपतिमा निर्वाचित भएका छन्।

न्यून मतदान भएको यसपटकको राष्ट्रपति निर्वाचनमा इरानका सर्वोच्च नेता आयातोल्लाह अलि खामेनीको समर्थनप्राप्त राइसीले भारी मत प्राप्त गरेका थिए।

सन् १९८८ मा हजारौं राजनीतिक बन्दीको सामूहिक हत्याको आरोप खेप्दै आएका राइसीमाथि संयुक्त राज्य अमेरिकाले प्रतिबन्धहरू लगाइरहेको छ। साथै उनीमाथि सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुँदा धेरै मानिसलाई मृत्युदण्ड दिनेगरी फैसलाहरू गरेको आरोप छ।

यसपटकको राष्ट्रपति निर्वाचनमा सुधारवादी पक्षधरहरूको उम्मेदवारी नै रद्द गरिएका कारण पनि राइसीले चुनाव सहजै जित्ने अनुमान गरिएको थियो। यसपटक चारजना मात्र चुनावी मैदानमा थिए।

इरानी सर्वोच्च नेता खामेनीको संयोजकत्वमा गठित समितिले उम्मेदवार छनोटमा मनोमानी गरेको भन्दै त्यसको विपक्षमा रहेकाहरूले मतदान बहिष्कार गर्न आह्वान गरेका कारण कम मतदान भएको अड्कल गरिएको छ। धेरै मानिस मतदान गर्न जानुको साटो घरमैं बसेका थिए।

इरानमा कुल पाँच करोड ९० लाख मतदातामध्ये करीब दुई करोड ८९ लाखले मात्र मतदान गरेका थिए। मतदानमा सहभागीमध्ये पनि करीब ३७ लाखजनाको मतपत्र बदर भएको थियो।

इरानी राज्य नियन्त्रित टेलिभिजनले कम मतदाता सहभागी हुनुमा कोरोना भाइरस महामारी र अमेरिकी प्रतिबन्धहरू मुख्यरूपमा जिम्मेवार रहेको बताएको छ।

एम्नेस्टी इन्टरनेशनलका महासचिव आग्नेस कालामार्डले इब्राहिम राइसीमाथि मानव हत्या, जबरजस्ती बेपत्ता र यातनाजस्ता मानवताविरोधी अपराधको अनुसन्धान हुनुको साटो राष्ट्रपतिमा निर्वाचित हुनु विडम्बना रहेको बताएका छन्।

आधिकारिक घोषणामा राइसीले समग्रमा एक करोड ७९ लाख मत प्राप्त गरेको देखाइएको छ। कुल मतदान भएकोमध्ये राइसीले झन्डै ६२ प्रतिशत मत प्राप्त गरेका छन्। दोस्रो स्थानमा रहेका पूर्व कट्टरपन्थी रिभोल्युशनरी गार्डका कमान्डर मोहसेन रेजाईले ३४ लाख मत प्राप्त गरेको निर्वाचन आयोगले जनाएको छ।

राष्ट्रपति हस्सन रौहानीको समर्थनप्राप्त केन्द्रीय बैंकका पूर्वप्रमुख अब्दोलनास्सेर हेम्माटीले २४ लाख मत प्राप्त गरी तेस्रो स्थानमा रहे। अमिरहोसेन घाजीजादेह हाशेमीले १० लाखभन्दा कम मत प्राप्त गरेका थिए।

मतगणनाको नतीजा सार्वजनिक गर्दै गृहमन्त्री अब्दोलरेजा रहमानी फाज्लीले बदर भएको मतको सङ्ख्या खुलाएनन्। सन् २०१२ र २०१७ मा भएका मतदानमा करीब १२ लाख मतपत्र बदर भएका थिए। इरानमा चुनावमा अन्तर्राष्ट्रिय पर्यवेक्षकलाई अनुगमनका लागि अनुमति दिइएको छैन। इरानका राष्ट्रपतिहरू प्रायः सबै दुई कार्यकाल पदमा रहेका छन्। इरानमा राष्ट्रपतिको कार्यकाल चार वर्षको हुन्छ। रासस

## सिद्धनाथ महादेव मन्दिर अस्तित्वको सङ्कटमा

गोपालप्रसाद बराल

महोत्तरी, ६ असार/रासस

"हे भोलेबाबा बुझायत अछि जे


तस्वीरः फाइल

आववाला दिनमे अहाक् दर्शन भेटत नई भेटत ?" (हे महादेव, लाग्दछ, अबका आउने दिनमा तपाईंको दर्शन पाइन्छ, पाइन्न ?) जिल्लाको भङ्गाहा नगरपालिका–५ सिद्धपुरस्थित प्राचीन शिवालय सिद्धनाथ मन्दिरलाई बडहरी नदीको बाढीले ढालेको डिलमैं उभिएर नजीकको पलार बस्तीकी श्रद्धालु सियानकीदेवी बाँतरले दुःख पुकारा गरिन्।

"किछेसाल पहिने बड्का प्लटके बीचमे मन्दिर छल, आब मन्दिरक क्षेत्र बाइढ स ढहल जारहल अई, बुझायत अछि जे ऐगला सालधैर मन्दिर गिर जाइत" (केही वर्ष पहिले ठूलो चौरको माझमा मन्दिर थियो, अब त मन्दिर क्षेत्र बाढीले ढाल्दै गएको छ, लाग्दछ, आउने दिनमा मन्दिर ढलिसक्ला), बाँतरले मन्दिरबारे थप चिन्ता व्यक्त गरिन्।

बाँतर मात्र नभएर भङ्गाहा नगरका सिद्धपुर, पलार, बखरी र हतिसर्वा बस्तीको माझमा रहेको यो प्राचीन शिवालयबारे यस भेगका आम सर्वसाधारण बर्सेनिको बाढीले मन्दिर क्षेत्रमा मच्चाएको ताण्डवले विह्वल बनेका छन्। असार लाग्नासाथ अहिले दिनहुँ पानी परिरहेपछि मन्दिर यसपालिकै बर्खाले ढाल्ने हो कि भन्ने आम चिन्ता छ।

महोत्तरीको अति प्राचीन धार्मिकस्थल भङ्गाहा–५ को सिद्धपुरस्थित सिद्धनाथ महादेव मन्दिरको बाढीकै कारण अस्तित्व सङ्कटमा परेपछि यसबारे अहिले आम चिन्ता बढेको छ। रातु र बडहरी नदीको सङ्गम (दोभान)स्थित यो मन्दिर पछिल्ला केही वर्षयता बर्सेनि बाढीले कटान गर्दै लगेपछि अब मन्दिर नै ढल्ने चिन्ताले यहाँका सर्वसाधारण विह्वल बनेका हुन्।

दुवै नदी (रातु र बडहरी) किनारको करीब ३० बिघाभन्दा बढीको चौरमाझमा रहेको यो मन्दिर अहिले बर्सेनिको नदी कटानले नदीको डिलमा पुगेको छ। मन्दिर परिसरमैं नदीको पानी बग्न थालेपछि अब जुनसुकै बेला मन्दिर ढल्ने वा बग्ने स्थिति बनेको सिद्धपुर बस्तीका सामाजिक कार्यकर्ता शङ्कर साह चिन्ता व्यक्त गर्छन्।

रातु र बडहरी नदीमा आउने बर्खे भेलले मन्दिरको उत्तर र पश्चिम डिल ढालिसकेको छ। पूर्व र दक्षिणतर्फको मन्दिर परिसरको चौर अतिक्रमण गरिएपछि अब मन्दिर सानो कोप्चोमा ठिङ्ग उभिएको देखिन्छ। नदी नियन्त्रणका लागि तटबन्ध नबन्दा र अतिक्रमण हटाउन कतैबाट पहल नहुँदा मन्दिरको बिजोग भएको नजीकैको अर्को बस्ती पलारका ७५ वर्षीय चौठी बाँतरले गुनासो गरे।

करीब ३०० वर्षअघि एक दुधारीबाबा नामका साधुले सपनामा पाएको सन्देश अनुसार खोजी गर्दै जाँदा घना जङ्गलबीच शिवलिङ्ग फेला पारेर त्यसको प्रतिष्ठा गरेर सिद्धनाथ महादेव नामकरण गरेका यहाँका बूढापाका आफ्ना पूर्वजले भन्दै आएका सम्झन्छन्। "दुधारीबाबाले पत्ता लगाएर प्रतिष्ठा गरेपछि यो मन्दिरमा सर्वसाधारणले पूजाआराधना शुरू गरेका हाम्रा बाजेले बताउनुभएको हो," आफू सानो छँदा बाजेले मन्दिरबारे बताएका कुरा सम्झँदै पूर्वप्रशासक भङ्गाहा–३ का ८० वर्षीय तेजनारायण सिंह थारूले भने, "यो प्राचीन धार्मिक धरोहरको अहिलेको बिजोग हेर्दा मन अड्याउने ठाउँ देखिन्न।"

जिल्लाकै अति प्राचीन यो मन्दिरका लागि विगतमा बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् (कोष), तत्कालीन जिल्ला विकास समिति र भङ्गाहा गाविस (नगरपालिका बन्नुपूर्व)ले बेलाबेलामा योजना बनाएको बताए पनि ठाउँठाउँमा बालुवा थुपार्नबाहेक केही नगरेका सिद्धपुरका बासिन्दाको गुनासो छ। हुँदाहुँदा अब त सबैतिरको बेवास्ताले मन्दिर रहने नरहने स्थितिमा पुगेको सिद्धपुरका ३५ वर्षीय युवा विनोद मण्डल चिन्ता व्यक्त गर्छन्।

महाशिवरात्रि र साउन महीनाभरि यहाँ लाग्ने धार्मिक मेलाको ठेक्का लगाएर नगरपालिकाले आम्दानी लिने गरे पनि टाढाटाढाबाट आउने श्रद्धालु दर्शनार्थीका लागि खानेपानी, बासस्थान (धर्मशाला) र प्राथमिक उपचारसम्मको पनि कुनै व्यवस्था नभएको सिद्धपुरका बासिन्दाको रोष छ। "अब त मन्दिरसँगसँगै बडहरी नदीले सीतापुर धतियाटोल र सिद्धपुर बस्ती नै लाने डर छ, घरकै छेउमा नदी बग्न थाल्यो," भङ्गाहा–५ कै सामाजिक, राजनीतिक कार्यकर्ता किशोरीसिंह राजपूतले भने, "बचाउका उपाय भने केही चालिएका छैनन्, आकाशमा बादल मडारिएको देखेपछि हामी जागेरै रात कटाउँछौं।" अहिले लाग्दो असारकै वर्षाले हावाकावा बनाएको बताउँदै सिंहले साउन/भदौको मुख्य बर्खाकालमा के होला ? भन्दै चिन्ता व्यक्त गरे।

यसैबीच, भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले मन्दिर परिसर, सीतापुर धतियाटोल र सिद्धपुर बस्ती बचाउका लागि छड्के बाँध्ने (ढुङ्गा जालीमा बाँधेर कटान रोक्न गरिएको काम) गरिँदै आइए पनि यो त्यति उपलब्धिमूलक नभएको बताए। "पहिले पनि त्यतिखेरका निकायले धार्मिकस्थल बचाउन ठाउँठाउँमा छड्के त बाँधेका हुन्," साहले भने, "हामी निर्वाचित भएर आएपछि पनि स्रोत साधनको सीमितताभित्र केही कामका प्रयत्न विभिन्न निकायको समन्वयमा गरिएको हो, तर बर्खे भेलले यी प्रयत्नलाई उपलब्धिविहीन बनाउँदैछ।" यहाँ मन्दिर र बस्ती बचाउन छड्केले मात्र सम्भव नहुने देखिएको हुँदा अब दुईतर्फी तटबन्ध निर्माण नै स्थायी समाधान हुने साहको भनाइ छ। यसका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारको समान चासो आवश्यक रहेको साहले बताए। नगरपालिकाको सीमित बजेट रकमले मात्र यस ठाउँमा उपलब्धिमूलक काम हुने अवस्था नरहेको साह बताउँछन्।

मन्दिर परिसरको संरक्षणका नाममा बर्सेनि रकम विनियोजन भएपनि ठोस काम नहुँदा अब केही होला भन्ने विश्वास लाग्न छाडेको वरपरका सर्वसाधारण बताउँछन्। "सधैंजसो बर्सेनि बर्खा लाग्न थालेपछि केही थान जाली र ढुङ्गा झारिन्छन्, बाँध्न थालेजस्तो भनक पाइन्छ, तर उस्ताको उस्तै," मन्दिरनजीकको रामनगर बस्तीकी हीरादेवी दाहाल भन्छिन्, "टालटुले कनिका छर्काइले यहाँ केही हुने देखिन्न।" यो प्राचीन धार्मिकस्थल र नजीकका बस्ती जोगाउन अब तटबन्धबाहेकका विकल्प नदेखिएको दाहालको भनाइ छ।

यसअघि पनि मन्दिर संरक्षणका नाउँमा कैंयनपटक योजना बनेको बताइए पनि काम भने नहुँदा अब कुरामा विश्वास लाग्न छाडेको सिद्धपुरका बासिन्दाको भनाइ छ। "कुरा त सुनेकौ हौं नि, काम भएपो भयो भन्ने बुझ्नु," सिद्धपुरका ७० वर्षीय सोगारथ साहले भने, "हामीलाई त कुरामा विश्वास लाग्नै छाड्यो।" यस भेगका बासिन्दाले अब मन्दिर र नजीकका बस्ती जोगाउन स्थानीय तहले प्रदेश र केन्द्र सरकारसहितका अन्य सम्बद्ध निकाय घचघच्याउनुपर्ने आवश्यकता देखिएको औंल्याएका छन्। नगरपालिका नेतृत्वले तत्काल यसको पहलकदमी लिनुपर्ने आम सर्वसाधारणको सुझाव छ।

### आजको राशिफल

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – शत्रुपराजय |
| मिथुन – ज्ञानोदय | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – अतिथिआगमन |
| तुला – सुयश | वृश्चिक – खर्चवृद्धि |
| धनु – धनलाभ | मकर – सफलता |
| कुम्भ – राज्यलाभ | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### घूस पनि लिने....

तथ्य कुरा खुल्ने र सार्वजनिक गरिने बताए।

पक्राउ गरिएको जीवन गिरीलाई अहिले जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ। उनीविरुद्ध अभद्र व्यवहार मुद्दामा अदालतबाट म्याद थप गरी अनुसन्धान भइरहेको छ। गिरीको बुबाको निधन भएको कारण अहिले उनलाई १३ दिन काजकिरियाका लागि छाडिएको र सो सकिएपछि कानूनी कारबाही अगाडि बढाउने प्रवक्ता मिश्रले बताए।

### जोखिम नियन्त्रण....

गरिदिन गृहमन्त्री अधिकारीसँग अनुरोध गरे। तीन तहको सरकारबीच सहकार्य बढाउनुपर्ने आवश्यकता औंल्याउँदै उनले भने, "विपद्का घटना रोक्नका लागि अव्यवस्थित बाटोघाटो निर्माणलाई रोक्नुपर्छ, खोलामा बस्ती बस्ने अवस्था रोक्नुपर्छ।" उनी विगतमा विस्थापित भएका मानिसको अहिलेसम्म राहत र पुनर्निर्माण नहुँदा थप जटिलता पैदा भएको बताउँछन्।

कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानूनमन्त्री नेपालीले सात वर्षअघि बाढी आएर प्रभावित भएकाहरू अझै त्रिपालमुनि बस्न बाध्य हुनु विडम्बना हो भने। राहत रकम घोषणा गरे पनि दिन नसकिएको तीतो यथार्थका बीच आज समन्वयात्मक बैठकमा सहभागी भए। उनले सङ्घीय सरकारबाट विपद्सम्बन्धी स्रोत, साधनहरू उपलब्ध गराउनुपर्ने

# निश्शुल्क भोजन कार्यक्रम सोमवारदेखि स्थगित

प्रस, वीरगंज, ६ असार/

समर्पण सेवा संस्था, साहिब दरबार सेवा संस्थान, स्टार मार्बल र स्टेशनरी प्रालिले संयुक्तरूपमा आयोजना गर्दै आएको निश्शुल्क भोजन कार्यक्रम सोमवार असार ७ गतेदेखि स्थगित गर्ने जनाएको छ।



भोकालाई निश्शुल्क भोजन वितरण गर्दै संस्थाका स्वयंसेवक। तस्वीरः सौजन्य

साहिब दरबार सेवा संस्थानका महासचिव उमेशलाल सहनीले विज्ञप्ति जारी गर्दै वैशाख २३ गतेदेखि बिहान र बेलुका दुई समय निश्शुल्क भोजन गराउँदै आएकोमा हाल परिस्थिति अनुकूल बन्दै गएको हुँदा निश्शुल्क भोजन कार्यक्रम तत्काललाई स्थगित गरिएको बताए। उनले दोस्रो कोरोनाकालमा ४६औं दिनसम्म निश्शुल्क भोजन गराएको र परिस्थिति प्रतिकूल भएको खण्डमा पुनः भोजन कार्यक्रम सुचारु गर्ने प्रतिबद्धतासहित तत्काललाई निश्शुल्क भोजन कार्यक्रम स्थगित गरिएको बताए।

# दुर्घटनामा एकजना युवकको मृत्यु

प्रस, ठोरी, ६ असार/

वीरगंज–ठोरी हुलाकी सडकखण्ड अन्तर्गत पर्ने ठोरी गाउँपालिका–४ गोपीबस्तीनजीकै हिजो साँझ मोटरसाइकल दुर्घटना हुँदा एकजना युवकको मृत्यु भएको छ भने अर्का एकजना युवक घाइते भएका छन्।

हिजो साँझ ७ बजे पानी परिरहेको समयमा मालीबस्तीबाट विजयबस्तीतर्फ गइरहेको मोटरसाइकल र विपरीत दिशाबाट गोपीबस्तीतर्फ आउँदै गरेको मोटरसाइकल एकापसमा ठोक्किंदा ठोरी गापा–४ विजयबस्तीका करण महतो र गोपीबस्तीका हर्क लामा गम्भीर घाइते भएका थिए। घाइतेमध्ये महतोको उपचारको क्रममा आइतवार मृत्यु भएको विजयबस्ती प्रहरी चौकीले जनाएको छ।

ना.७प ८८९३ र ना.४५प ८१६० नम्बरको मोटरसाइकल नेवा पेट्रोल पम्पदेखि करीब २ सय मिटर पूर्व हुलाकी सडकमा दुर्घटना भएको थियो। दुर्घटनामा ना.७प ८८९३ नम्बरको मोटरसाइकलमा सवार २६ वर्षीय महतोको घुँडा र छातीमा गम्भीर चोट लागेको थियो भने अर्का मोटरसाइकल चालक ३१ वर्षीय लामाको टाउकोमा गम्भीर चोट लागेको थियो।

घाइते दुवैजनालाई उपचारका लागि वीरगंज पठाइएकोमा उपचारको क्रममा महतोको मृत्यु भएको हो। हुलाकी सडक निर्माण भएयता वीरगंज–ठोरी हुलाकी सडकखण्ड अन्तर्गत पर्ने मालीबस्तीदेखि विजयबस्ती सडकखण्डमा सवारी दुर्घटना हुने क्रम बढ्न थालेको छ। गत चैत २८ गते पनि गोपीबस्तीका चारजना युवालाई सोही सडकखण्डमा मोटरसाइकलले ठक्कर दिंदा दुईजना युवाको मृत्यु भएको थियो।

सडक सुधार भएसँगै यो क्षेत्रमा सवारीसाधन अत्यधिक तीव्र गतिमा हाँक्ने गरिएको कारण बेलाबखत दुर्घटना भइरहन्छ।

# ठोरीका सबै सामुदायिक विद्यालयद्वारा परीक्षाफल प्रकाशन

प्रस, ठोरी, ६ असार/

ठोरी गाउँपालिकाभित्रका सबै सामुदायिक विद्यालयहरूले आइतवार शैक्षिकसत्र २०७७ को परीक्षाफल प्रकाशन गरेका छन्।

कक्षा शिशुदेखि कक्षा ९ सम्मको अन्तिम परीक्षाफल निष्कासन गरिएको हो तर कक्षा ८ को परीक्षाफल भने गाउँपालिकाले प्रकाशन गर्ने हुँदा अन्य कक्षाको नजीता प्रकाशित भएको छ। कोरोना महामारीका कारण निर्धारित मितिमा परीक्षा सञ्चालन गर्न नसकिए तापनि विद्यालयले लिएका अन्य परीक्षा, विद्यार्थीको अनुशासन, विद्यालय उपस्थितिलाई आधार मानी सम्पूर्ण विद्यालयले शैक्षिकसत्र २०७७ को अन्तिम परीक्षाफल प्रकाशित गरेको ठोरी गाउँपालिकाका शिक्षा संयोजक भुपालकुमार जोशीले जानकारी दिए।

कक्षा ८ को परीक्षाफलको जिम्मेवारी पालिकाको रहेका कारण कक्षा ८ को पनि चाँडै परीक्षाफल प्रकाशन गरिने संयोजक जोशीले जानकारी दिए।

अन्तिम परीक्षाफल प्रकाशन भएसँगै शैक्षिकसत्र २०७७ को अन्त्य भएको छ भने भोलिबाटै नयाँ शैक्षिकसत्रको भर्नासमेत शुरू भएको छ।

# धनुषामा १० जना सङ्क्रमित

प्रस, जनकपुरधाम, ६ असार/

आइतवारको रिपोर्ट अनुसार धनुषा जिल्लामा १० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। जिल्ला प्रशासन कार्यालय धनुषाले पछिल्लो अवस्थाबारे जानकारी गराएको हो।

आइतवार थपिएको १० जनासमेत धनुषामा सक्रिय सङ्क्रमितको सङ्ख्या ५४९ पुगेको छ भने कोरोनालाई जितेर आइतवार निको हुनेको सङ्ख्या शून्य रहेको जिप्रकाले जनाएको छ। आइतवार ४७ जनाले पिसिआर परीक्षण गराएका थिए। धनुषाका सङ्क्रमितमध्ये ५० जना होम आइसोलेशनमा बसेर उपचार गराइरहेका छन्। यसैगरी, अस्पतालको आइसियूमा १७ जना सङ्क्रमितको उपचार भइरहेको छ। हालसम्म यस जिल्लामा कोरोनाका कारण मृत्यु हुनेको सङ्ख्या १०४ पुगेको छ।

Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

# स्व बिन्दु पाण्डे स्मृति पुरस्कार पत्रकार अनितालाई दिने निर्णय

प्रस, वीरगंज, ६ असार/

यस वर्षको स्व बिन्दु पाण्डे स्मृति पुरस्कार पत्रकार अनिता कुँवरलाई प्रदान गरिने भएको छ।

स्व बिन्दु पाण्डे स्मृति पुरस्कार प्रतिष्ठानको बैठकले सो निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष तुलसी भण्डारीले बताए। पत्रकार सरोज खड्काको संयोजकत्वमा गठित समितिले पत्रकार कुँवरलाई पुरस्कार प्रदान गर्ने निर्णय गरेको उनले बताए।

असार ५ गते स्व पाण्डेको स्मृतिमा पुरस्कार प्रदान गर्दै आएकोमा यसपटक भने निषेधाज्ञा हटेपछि कार्यक्रम आयोजना गरी प्रदान गरिने प्रतिष्ठानका अध्यक्ष भण्डारीले बताए। रु दश हजार राशिबाट छ वर्ष पहिले शुरू गरिएको यो पुरस्कार अहिले रु १३ हजार राशिको छ।

# विभिन्न राजनीतिक दललाई पत्रकार महासङ्घको ज्ञापन

प्रस, मकवानपुर, ६ असार/

वाग्मती प्रदेश सरकारले सञ्चार गृह आफैं चलाउने गरी बजेट विनियोजन गरेपछि प्रदेशका सञ्चारकर्मीहरूले उक्त निर्णयको विरोध गर्दै आएका छन्। यसै क्रममा नेपाल पत्रकार महासङ्घ वाग्मती प्रदेशले आइतवार विभिन्न राजनीतिक दललाई ज्ञापनपत्र बुझाएको छ।

नेपाली काङ्ग्रेस वाग्मती प्रदेश संसदीय दल र नेकपा माओवादी केन्द्र प्रदेश संसदीय दललाई छुट्टाछुट्टै ज्ञापनपत्र बुझाएको छ। वाग्मती प्रदेश सरकारले आफैं आम सञ्चार गृह सञ्चालन गर्न बजेट विनियोजन गरेकोप्रति संसद्मा सहभागी प्रमुख राजनीतिक दलको संसदीय दललाई ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र बुझाउने क्रम चलिरहेको नेपाल पत्रकार महासङ्घ वाग्मती प्रादेशिक समितिका अध्यक्ष शिव देवकोटाले बताएका छन्।

महासङ्घको टोलीले नेका वाग्मती प्रदेश संसदीय दलका नेता इन्द्रबहादुर बानियाँलाई ज्ञापनपत्र बुझाएको छ। ज्ञापनपत्रमा महासङ्घले प्रदेश सरकारले आम सञ्चार गृह सञ्चालन गर्ने निर्णय फिर्ता गराउन भूमिका खेल्न नेपाली काङ्ग्रेसलाई आग्रह गरेको छ।

# आँखा अस्पताललाई उपमहानगरको आर्थिक सहयोग

प्रस, मकवानपुर, ६ असार/




हेटौंडा सामुदायिक आँखा अस्पताललाई हेटौंडा उपमहानगरपालिकाले १० लाख रुपैयाँ रकम अनुदान सहयोग गरेको छ।

आँखा जाँच मेशिन खरीदका लागि अस्पताललाई उपमहानगरले सहयोग गरेको छ।

आइतवार आयोजित विशेष कार्यक्रममा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले सहयोगबापतको चेक अस्पताललाई हस्तान्तरण गरेका हुन्। उपमहानगरपालिकाले वार्षिक कार्ययोजना अनुसार नै अस्पताललाई सहयोग प्रदान गरिएको नगरप्रमुख महतले बताए।

अस्पतालमा मेशिन अभाव हुँदा बिरामी जाँच गर्न समस्या परेको थियो। मेशिन उपलब्ध भएपछि आँखा परीक्षण कार्य प्रभावकारी र सहज हुने हुँदा सोको प्रत्यक्ष फाइदा हेटौंडाका बासिन्दालाई हुने प्रमुख महतले विश्वास व्यक्त गरे।

नगरप्रमुख महतले आँखा अस्पतालमा बिरामीको चाप बढेसँगै अस्पतालको सेवालाई गुणस्तरीय, प्रभावकारी र सहज बनाउन स्थानीय सरकारको दायित्व पनि भएकोले अस्पतालसँग सहकार्य र सहयोगका लागि सधैं तत्पर रहने प्रतिबद्धता जाहेर गरे।

हेटौंडा सामुदायिक आँखा अस्पतालमा विशेषगरी मकवानपुर, चितवन, काठमाडौं जिल्लाको दक्षिणी भेग, सिन्धुलीका साथै बारासहित प्रदेश नं २ का विभिन्न जिल्ला र भारतबाट आँखाका रोगीहरू सेवा लिन आउने गरेको अस्पतालले जनाएको छ।

# सिन्धुपाल्चोकका बाढीपीडितलाई युवा सङ्घले राहत पठायो

प्रस, वीरगंज, ६ असार/



तस्वीरः सौजन्य

सिन्धुपाल्चोकका बाढीपहिरो पीडितलाई युवा सङ्घ पर्सा र बाराले खाद्यान्न सहयोग पठाएको छ। २०० बोरा चामल, चाउचाउ, बिस्कुट, औषधिलगायतका सामग्रीहरू सिन्धुपाल्चोकको लागि पठाइएको युवा सङ्घ नेपालका सचिव अरुण यादवले बताए।

युवा सङ्घ पर्सा र बाराका पदाधिकारीहरू र केही समाजसेवीहरूबाट सङ्कलित सामग्री सिन्धुपाल्चोकका बाढीपहिरो पीडितहरूको लागि पठाइएको सचिव यादवले बताए। युवा सङ्घ नेपालका केन्द्रीय सचिवालय सदस्यहरू अनिल पटेल, सञ्जु चौधरी, आलमगिर अन्सारी, रवि गुप्ता, बाराका अध्यक्ष भुपेन्द्र साह, कलैया नगर अध्यक्ष हरिओम गुप्तालगायतले हिजो एक ट्रकमा राखेर सो सामग्री सिन्धुपाल्चोक पठाएका थिए।

# चिरान काठ बरामद

प्रस, निजगढ, ६ असार/

निजगढ नगरपालिका सिगौलबाट सशस्त्र वनरक्षकको टोलीले शनिवार राति अटोसहित काठको कडी बरामद गरेको छ।

ना.३स ९४७० नम्बरको अटोमा ३३ थान काठको कडी ल्याउँदै गरेको सूचनाको आधारमा वन कर्मचारीले सो अटो नियन्त्रणमा लिएका थिए।

निजगढ सबडिभिजन वन कार्यालय भमराका सशस्त्र वनरक्षक जमदार मङ्गलप्रसाद साह कमान्डको टोलीले राजमार्गस्थित सामुदायिक वनक्षेत्रमा लुकाइएको अवस्थामा काठसहित अटो बरामद गरेको बताइएको छ।




प्रहरी नियन्त्रणमा रहेको बरामद काठ र टेम्पो। तस्वीरः जीतलाल श्रेष्ठ

अटो चालक र तस्कर भने भाग्न सफल भएका थिए।

सुराकीको आधारमा अटो र काठ बरामद भएपनि तस्करहरू भाग्न सफल भएको र उनीहरूको पहिचान गरी खोज्ने काम गरिने डिभिजन वन कार्यालय बाराका डिएफओ मन्जुर अहमदले बताए।



स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।

